
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १५ गते शनिबार ❑ 27 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सिमरा-पोखरा उडानमा वीरगञ्ज र पोखराका व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

वीरगञ्जका उद्योग व्यवसायीले सिमरा-पोखरा हवाई उडानलाई निरन्तरता दिनुपर्नेमा माग गरेका छन् । नेपालकै प्रमुख औद्योगिक सहर वीरगञ्ज र पर्यटनको राजधानी पोखराबीच हवाई उडानलाई निरन्तरता दिन सके दुवै महानगरबीच पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने उनीहरुको भनाइ छ ।

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) को अन्तरप्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत शुक्रबार वीरगञ्जमा वीरगञ्ज उद्योग वाणिज्य संघले टेवानको भ्रमण टोलीसँग गरेको अन्तर्क्रियामा उक्त कुरामा जोड दिइएको हो । वीरगञ्ज उद्योग वाणिज्य संघ अध्यक्ष अनिलकुमार अग्रवालले सातामा कम्तीमा २ उडान हुनुपर्ने माग गरे । उनले मधेश प्रदेश र गण्डकी प्रदेश सरकारका प्रमुखमार्फत चाँडै नै उडान निरन्तरतामा पहल गर्नुपर्ने उनको भनाइ थियो । २ वर्षअघि तत्कालीन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र लालबाबु राउतको पालामा बुद्ध एयरले दुई सहरबीच उडान सुरु




गरे पनि १ वर्षयता रोकिएको छ । नेपालका ६ महानगरमध्ये पोखरा र वीरगञ्जबीच आपसमा धार्मिक एवं पर्यटकीय सम्भावना छन् ।

प्रमुख अतिथि टेवान अध्यक्ष कमला गिरीले पोखरा र वीरगञ्जका उद्योग व्यवसायीबीच आपसी सहकार्यमा जोड दिइन् । उनले गण्डकीका ११ वटै जिल्लामा टेवानको कार्यक्रम भए पनि अन्तरप्रदेशबीच पनि विविध पर्यटनसम्बद्ध कार्यक्रम गर्नुपर्छ भन्ने सोचका लागि पहिलो पल्ट कार्यक्रम लिएर मधेश प्रदेश आएको बताइन् । वीरगञ्ज औद्योगिकमात्र नभई धार्मिक, पुरातात्विक, प्राकृतिक, पर्यटकीय हिसाबले पनि महत्वपूर्ण रहेको ठाउँ रहेकोले पर्यटनको राधजानी पोखरासँग विविध विषयमा सहकार्य गर्न सकिने उनको भनाइ थियो । कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद गौतमले धन्यवाद ज्ञापन र संघका प्रशासकीय अधिकृत मनोज उपाध्यायले संघका गतिविधिबारे बताए । कार्यक्रममा टेवान सचिव एवं पर्यटन प्रवर्द्धन कार्यक्रम संयोजक शोभा अधिकारी पौडेल, टेवान उपाध्यक्ष प्रभा सुवेदी, वीरगञ्ज उद्योग वाणिज्य संघ सदस्य नीलम सिंह, अर्का सदस्य अनुज अग्रवाल लगायतले दुवै सहरको पर्यटकीय सम्भावनाका बारेमा बोलेका थिए । अन्तरप्रदेश पर्यटन प्रवर्द्धन तथा अन्तरक्रियाका लागि बिहीबार पोखराबाट भ्रमणका लागि निस्केको टेवानको टोलीमा संस्थामा आबद्ध सदस्यसहित विभिन्न संघसंस्थाका गरी करिब २२ जना सहभागी छन् ।

टोलीले भ्रमणका क्रममा आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै सरोकारवालासँग अन्तरक्रिया गर्ने टेवान अध्यक्ष कमला गिरीले बताइन् । त्यस क्षेत्रका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि, स्थानीय जनप्रतिनिधि, उद्योगी, व्यवसायी, पर्यटन संघसंस्था, धार्मिक संघसंस्थाका प्रतिनिधि, पत्रकार तथा सरोकारवालाको उपस्थिति रहनेछ । साथै, टोलीले गढीमाई मन्दिरसहित भरत ताल, जनकपुरधाम, धनुषाधाम, बर्दिबास आसपासका धार्मिक एवं पर्यटकीय क्षेत्रको पर्यटन प्रवर्द्धन कार्यक्रम रहेको छ । कार्यक्रम सफल पार्न वीरगञ्ज उद्योग वाणिज्य संघ र होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले समन्वय गरेका छन् ।

'दिगो पर्यटनका लागि समान सहभागिता' भन्ने मूल नाराका साथ पोखराका पर्यटन व्यवसायी महिलाहरुको सक्रियतामा २०७४ सालमा स्थापित टेवानले विविध कार्यक्रम गर्दै आएको छ ।

## पृथ्वी राजमार्ग सडक विस्तारमा दिनरातै काम

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ बैशाख

पृथ्वी राजमार्गको मुग्लिन पोखरा सडक विस्तार आयोजना अन्तर्गत तनहुँको जामुनेदेखि पोखरासम्मको पश्चिम खण्ड विस्तारलाई तीव्र बनाउन दिनरातै कामदार खटाइएको आयोजनाले जनाएको छ ।

दिनमा करिब सय जना र रातको समयमा करिब ५० जना कामदार खटाएर निर्माण तीव्र पारिएको चिनियाँ ठेकेदार कम्पनी 'एनहुई केयुनन हाइवे एण्ड ब्रिज' का इञ्जिनीयर अनुप श्रेष्ठले राससलाई जानकारी दिनुभयो । दिनरात र बिदाको समयमा पनि आफूहरू खटिएकोले हाल २३ प्रतिशतभन्दा धेरै प्रगति हासिल गरेको उहाँले बताउनुभयो । पश्चिम खण्डमा नौ दशमलव दुई किलोमिटर सडक पक्की निर्माण गरिएको इञ्जिनीयर श्रेष्ठले बताउनुभयो । ठेकेदार कम्पनीले पनि उक्त आयोजनालाई प्रतिष्ठाको विषय बनाएकोले करिब एक सय जना चिनियाँ प्राविधिकसहित सडक विस्तार तीव्र पारिएको चिनियाँ कम्पनीका साईड इञ्जिनीयर छन्ज लोनले जानकारी दिनुभयो । ''सडक विस्तारलाई तीव्र पार्न एक सय जना त चिनियाँ प्राविधिक नै खटिएका छन्'', इञ्जिनीयर छन्ज लोनले भन्नुभयो, ''यो सडक विस्तारलाई प्रभावकारी तवरले कसरी सम्पन्न गर्न सकिन्छ भन्नेमा हामी जुटिरहेका छौं ।'' आफूहरूले दिनरात गरी सडक विस्तारलाई अघि बढाएकाले २३ प्रतिशतले प्रगति भएको आयोजनाले जनाएको छ । गण्डकी प्रदेशको राजधानी पोखरालाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने प्रमुख सडक स्तरोन्नतिमा सबैको चासो रहँदै आए पनि लक्ष्यअनुरुप काम हुन नसक्दा आलोजना भएको थियो । जामुनेदेखि पोखरासम्म ३८ दशमलव ८८ किलोमिटर दूरीको यस खण्डमा चार वटा ठूलो र आठ वटा सानो गरी १२ वटा पुलसमेत धमाधम निर्माण भइरहेको आयोजना पश्चिम खण्डले जनाएको छ । पश्चिम खण्ड अन्तर्गत पोखरा र दुलेगौँडासहित मुख्य बजार क्षेत्रमा करिब बीस किलोमिटर खण्डमा छ लेन रहने गरी ४६ मिटर फराकिलो र जामुनेदेखि कुम्ले खोलासम्म १८ मिटर र बाँकी सडक खण्ड २३ मिटर फराकिलो कायम रहने गरी कालोपत्र गरिने आयोजना प्रमुख राजेश पौडेलले जानकारी दिनुभयो । रु सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा २०७८ जेठ ३ गते ठेक्का सम्झौता भएको हो । जामुनेदेखि आँबुखैरेनीसम्मको ४२ किलोमिटर सडक खण्डको प्रगति भने ५६ प्रतिशत भन्दा धेरै रहेको पूर्वी खण्डका प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो । यस खण्डको २०७८ वैशाख २ गते सम्झौता भई २०८१ वैशाख २ गते म्याद सकिए पनि ठेकेदार कम्पनीले कामलाई तीव्र पारेको यादवले बताउनुभयो ।

यस खण्डको म्याद सकिए पनि दिन र रातको समयमा पनि काम गरी सडक विस्तार तीव्र पारिएको यादवले बताउनुभयो । यस खण्ड विस्तारको ठेक्का चिनियाँ कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीले रु ६ अर्ब २१ करोडमा पाएको हो । एसियाली विकास बैंक (एडिबी) को सहुलियत ऋण सहयोगमा मुग्लिन पोखरा सडक विस्तार गरिएको हो ।

## पहिराको त्रासले भिमादका ६० घर विस्थापित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

"पहिराले शौचालय र करेसाबारी मात्रै हैन घर पनि बगाउनै आँटेको छ", भिमाद-६ भिमाद बजारका हरिप्रसाद पौडेलले दुखेसो गर्नुभयो, "पहिरामा परिएला कि भन्ने जोखिमले गर्दा पानी पर्दा रातभरि जागा बस्नुपर्ने बाध्यता छ ।''

उहाँले भिमाद बजारका करिब २० घरका बासिन्दाको घर र करेसाबारी पहिराले बगाएपछि अन्यत्र बसाइँ सर्नुपरेको र करिब ४० घरका बासिन्दा पहिराका त्रासमा रहनुपरेको बताउनुभयो । घरतल सेती किरानामा बाढी आउँदा बलौटेमाटो रहेकाले पनि उक्त क्षेत्र पहिरामा परेको उहाँले बताउनुभयो । पौडेलले विसं २०५६ को बाढीले अधिकांश स्थानीयको शौचालय र करेसावारी बगाएको, विसं २०५८ को पहिराले घर पछाडिको भान्छाकोठा र विसं २०७२ को भूकम्पले घर पछाडिको गाह्रो नै बगाएपछि घर नै बन्द गरेर विस्थापित हुनुपरेको पौडेलले बताउनुभयो ।

अन्य मानिसले मूल ढोका लगाएर अन्यत्र गए पनि आफू भने दिनमा भाँडावर्तनको पसल सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो । "पहिलोले बाँकी छाडेको यो एउटा कोठा पनि त्यसै बन्द गर्न मनले मानेन", पौडेलले भन्नुभयो, "पानी पर्दा भने पहिराको त्रासले पसल नै नखोली बन्द गर्दै आएको छु ।" उक्त क्षेत्रमा पहिराको त्रासले करिब तीन सय मिटर क्षेत्रका मानिस घरमा ढोका लगाएर अन्यत्र विस्थापित भएका छन् । स्थानीय एकबहादुर बानियाँ, सनत श्रेष्ठ, केशव भण्डारीलगायतले पहिराको त्रासले घर नै छाडेर अन्यत्र बसाइँ सरेको स्थानीय सङ्गीता भण्डारीले जानकारी दिनुभयो । घरपछाडिको भाग पहिराले बगाए पनि आफूले पानी नपर्दाको बखत होटल व्यवसाय सञ्चालन गर्दै आएको उहाँको भनाइ छ । "पहिरामा परियो भने त सबै सकिइहाल्यो नि । त्यसैले पानी पर्दा पसल सञ्चालन गर्ने कुरा भएन", भण्डारीले भन्नुभयो, "अन्य बेलामा पनि पहिरो जाला कि भन्ने चिन्ताले सताइरहन्छ ।" उक्त क्षेत्रबाट करिब एक सय मिटर तल सिधा पहिरो गएकाले पनि नयाँ आउने मानिस तर्सिने गरेको भण्डारीको भनाइ छ ।

उक्त क्षेत्रमा पहिरो नियन्त्रणका लागि तटबन्धनको काम भइरहे पनि त्यो प्रयास भने सुस्त गतिमा भएकामा आफूहरुको गुनासो रहेको भण्डारीले बताउनुभयो । "पहिराबाट यो क्षेत्रलाई बचाउने हो भने चाँडो गतिमा तटबन्धन हुनुपर्ने हो", उहाँले भन्नुभयो, "मानिसको जीउधनको सुरक्षा गर्नेजस्तो कार्य प्राथमिकतामा नपर्नु दुःखको कुरा हो ।" उक्त क्षेत्र पहिराको उच्च जोखिममा रहेकाले तत्काल तटबन्धन गरी नागरिकको जीउधन बचाउनेतर्फ सङ्घीय सरकार गम्भीर हुनुपर्ने भिमाद नगरपालिका-६ वडाध्यक्ष श्यामसुन्दर जोशीले बताउनुभयो । केही वर्षपहिले किरण गुरुङ मन्त्री हुँदा रु १६ करोडको आयोजना विस्तृत प्रतिवेदन तयार गरी पञ्चवर्षीय योजनाअन्तर्गत कार्यक्रम विनियोजन हुने भनिए पनि सम्बोधन नभएकामा दुःख लागेको उहाँको भनाइ छ । आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको रु ५० लाखको तटबन्धन गर्ने कार्यक्रम अन्तिम चरणमा पुगेको वडाध्यक्ष जोशीले बताउनुभयो । "पहिरो नियन्त्रणका लागि प्रतिवेदन अनुसारको कार्यक्रम सङ्घीय सरकारबाट नै बजेट विनियोजन हुन जरुरी छ", उहाँले भन्नुभयो, ''प्रदेश सरकारबाट रु ५० लाख भए पनि विनियोजन हुनु सकारात्मक पक्ष हो ।'' उक्त क्षेत्रमा पहिरो नियन्त्रणका लागि आफूहरुले प्रदेश र सङ्घीय सरकारलाई पटकपटक अनुरोध गर्दै आएको भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले बताउनुभयो ।

## इलाम र बझाङ उपनिर्वाचनः मतदानमा सहभागी हुन आयोगको अपिल

**रासस**
काठमाडौं, १४ बैशाख

निर्वाचन आयोगले इलाम र बझाङमा भोलि हुन लागेको उपनिर्वाचनमा सहभागी हुन अपिल गरेको छ । आयोगले शुक्रबार एक विज्ञप्ति जारी गर्दै इलाम-२ मा प्रतिनिधिसभा सदस्य र बझाङ निर्वाचन क्षेत्र १ (क)मा हुन लागेको प्रदेशसभा सदस्यका लागि हुन लागेको उपनिर्वाचनमा सहभागी हुन आयोगले अपिल गरेको हो ।

यी दुवै स्थानको उपनिर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । मतदान बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म चल्नेछ ।

आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र, सवारी चालक अनुमतिपत्रमध्ये कुनै एकको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउने व्यवस्था मिलाइएको आयोगले जनाएको छ । निर्वाचनलाई व्यवस्थित र पारदर्शी बनाउन अनुगमन निरीक्षणको काम प्रभावकारी रूपमा भइरहेको पनि आयोगले जनाएको छ । "निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन हुने ४८ घण्टा अगाडिबाट शुरु भएको प्रचारप्रसार निषेधको अवधिमा निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन २०८७३ र निर्वाचन आचारसंहिता २०७९ को पालनामा आयोगले विशेष सजगता अपनाएको छ",


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## आगो निभाउने क्रममा जलेर एक जनाको मृत्यु, दुई घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

बागलुङमा आगलागीमा परी एकजानको मृत्यु भएको छभने दुईजना घाइते भएका छन् ।

जिल्लाको तमानखोला गाउँपालिका-२ सिल्गुममा आगालगी हुँदा स्थानीय ४८ वर्षीय देवसिंह कामीको मृत्यु भएको होभने सोही ठाउँका ३१ वर्षीय ज्ञानबहादुर बुढा मगर र ३३ वर्षीय प्रेमबहादुर घर्ती मगर घाइते भएका हुन् । शुक्रबार बिहानदेखि सिल्गुमस्थित रानीवन सामुदायिक वनमा लागेको आगो नियन्त्रणका वनमा पुग्नुभएका कामीको आगोको लप्कोले एक्कासि भेट्दा जलेर मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक राजकुमार सुनारले जानकारी दिनुभयो । विहान ११ बजेदेखि बेपत्ता हुनुभएका कामीको दिउँसो २ बजे मात्र शव फेला परेको उहाँको भनाइ छ । घाइते बुढा मगर र घर्ती मगरलाई उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको प्रहरी निरीक्षक सुनारले बताउनुभयो । घाइते दुईजनाको शरीरका विभिन्न अङ्गहरू जलेको उहाँ बताउनुहुन्छ । शवलाई उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याउँदै गरेको सुनारले बताउनुभयो । आगलागीमा परी एक घर र दुई गोठ नष्ट भएको उहाँको भनाइ छ । "बिहानदेखि नै आगलागी भएको रैछ, प्रहरी, स्थानीय भएर निभाउने क्रममा उहाँहरू आगोमा पर्नु भएछ, आगो निकै ठूला क्षेत्रमा फैलिएको छ, घर गोठ पनि जलेका छन्," प्रहरी निरीक्षक सुनारले भन्नुभयो, "आगो नियन्त्रणमा लिने प्रयास त गरियो तर सकिको छैन, ठूलो क्षेत्रमा फैलिएको आगो नियन्त्रणबाहिर छ, तत्काल बस्तीहरू त जोखिममा छैनन् तर जङ्गल सबै जल्ने भयो ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# पोखरामा शनिबार हुने एसिया ट्रायथलन कपमा नेपाल सहित १५ देशका ६२ जना सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखरामा शनिबार हुने एसिया ट्रायथलन कपमा नेपाल सहित १५ देशका ६२ जना सहभागि हुने भएका छन् । पर्यटनको राजधानि पोखरामा शनिबार विहान ७:०० बजे देखि सुरु हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको शुक्रबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

प्रतियोगितामा महिला तर्फ २४ जना र पुरुष तर्फ भने ३८ जना खेलाडीहरुले आफ्नो नाम दर्ता गराएको नेपाल ट्रायथलन संघका उपाध्यक्ष सुमन देवकोटाले बताउनु भयो । प्रतियोगितामा नेपालका भने ९ जना खेलाडीहरुले सहभागि हुने भएको उपाध्यक्ष देवकोटाले जनाउनु भयो । प्रतियोगिताका विजेतालाई ८३ हजार, उपविजेतालाई ६९ हजार र तेश्रो हुनेलाई ५५ हजार पुरस्कार समेत प्रदान गरिने भएको छ । उक्त प्रतियोगिता भोलि बिहान ७:०० बजे सुरु हुने भएको हो । ७ सय ५० मिटर फेवातालमा पौडी, २० किलोमिटर साइक्लिङ गौरीघाटदेखि शहिदचोक, राष्ट्रबैंक देखि पार्दी हुदै पुनः गौरीघाटमा ४




राउण्डको दुरी निर्धारण गरिएको छ भने ५ किलो मिटर दौड उक्त रुटमै हुने भएको छ । प्रतियोगिताको पुरस्कारमा चार हजार २०० अमेरिकी डलर नगद रहेको छ ।

उक्त प्रतियोगितालाई सफल पार्न राखेप, गण्डकी प्रदेश सरकार, पोखरा महानगपालिका, पोखरा पर्यटन परिषद, होटल संघ पोखरा नेपाल लगायतको सहयोगमा हुन लागेको हो । उक्त खेलले पोखराको खेल पर्यटनको प्रबर्द्धनमा टेवा पुग्ने नेपाल ट्रायथलन संघ गण्डकी प्रदेशका अध्यक्ष एवं व्यबस्थापन कमिटि पोखराका संयोजक डिल्लीराज सुवेदी (शिशिर) ले बताउनु भयो । उक्त प्रतियोगिता पोखरामा हुनुले यहाँका खेलकुदकर्मी सहित पर्यटन व्यवसायीहरु निकै उत्साहित भएको उहाँको भनाई थियो । प्रतियोगितामा नेपाल सहित अस्ट्रेलिया, युनाइटेड अरब इमिरेट्स, प्यालेस्टाइन, उरुग्वे, अस्ट्रिया, अल्जेरिया, न्यूजिल्याण्ड, लक्जम्वर्ग, जापान, भारत, मरिसस, काजाकास्तान, बङ्गलादेश, आइसल्याण्डका खेलाडीले सहभागिता जनाउने छन् । गण्डकी प्रदेश ट्रायथलन संघ र कास्की जिल्ला ट्रायथलन संघको व्यवस्थापनमा आयोजना हुने लागेको हो । सन् २००० देखि ओलम्पिकमा समावेश भएसँगै विश्वव्यापी रुपमा यस खेलको लोकप्रियता अझै बढेको छ । नेपाल ट्रायथोलन एशोसिएसन (एनटिए) ले पनि सन् २०११ देखी नेपालमा ट्रायथोलन खेलको विकास र विस्तारका लागि काम गर्दै आएको छ । नेपाल ट्रायथोलन एशोसिएसन( एनटिए) विश्व ट्रायथोलन र एशिया ट्रायथोलनसँग आवद्ध छ । नेपालमा १० औं संस्करणसम्म दक्षिण एशियाली ट्रायथोलन च्याम्पियसिपको आयोजना पछि सन् २०१९ देखी सफलतापूर्वक एशिया कपको आयोजना हुँदै आएको छ । दुई वर्ष कोरोनाका कारण रोकिएको एशिया कप त्यसपछि निरन्तर वर्षेनी सञ्चालन हुदै आएको छ । यस वर्ष च्याम्पियनसिपमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका सदस्य समेत रहनु भएका वर्ल्ड ट्रायथोलन सङ्घका अध्यक्ष मारिसोल कासडो र महासचिव एन्टोनियो आरामानी सहभागी हुनुहुने भएको छ । विशिष्ट पाहुनाहरुको आगमनले नेपालको खेलकुद क्षेत्रका लागि ठूलो महत्व रहने विश्वास गरिएको छ । अध्यक्ष मारिसोल कासडोको यो तेस्रो नेपाल भ्रमण हो । च्याम्पियनसिपका लागि विश्व ट्रायथोलनबाट मनोनित टेक्निकल डेलिगेट्स भारतका प्रभात शर्माले पोखराको रुट र फेवातालको पानी उक्त खेलको लागि उपयुक्त रहेको दाबी गर्नु भयो ।

# बाराही माविलाई क्रिकेट जर्सी हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखरा महानगरपालिका वडा नं. ५ मा रहेको बाराही माविलाई क्रिकेट जर्सी हस्तान्तरण गरिएको छ । पोखरा ५ प्रर्स्याङमा रहेको पोखरा युपिभिसी उद्योगले २५ हजार बराबरको १५ सेट क्रिकेट जर्सी शुक्रबार विद्यालयलाई हस्तान्तरण गरेको हो ।

जर्सी लिँदै बाराही माविका प्रधानाध्यापक शिव भण्डारीले विद्यार्थीलाई खेल क्षेत्रमा हौसला दिन जर्सी सहयोग गर्ने उद्योगप्रति धन्यवाद ज्ञापन गरे । साथै बाराही मावि खेल क्षेत्रमा अगाडी नै रहेको दावी गर्दै यस्ता सहयोगले विद्यार्थीमा थप हौसला थपिने बताए । जर्सी हस्तान्तरण गर्दै पोखरा युपिभिसी उद्योगका सञ्चालक जयन्द्र भट्टराईले विद्यार्थीहरु



पढाईसँगसँगै खेल क्षेत्रमा अगाडी बढ्न हौसला दिनुपर्ने बताए । सामाजिक उत्तरदायित्व अनुसार जर्सी हस्तान्तरण गरिएको उनको भनाई थियो ।

यता विद्यालयका खेल प्रशिक्षक शुसिल केसीले खेल क्षेत्रमा लाग्ने विद्यार्थीका लागि यस्ता सहयोगले महत्वपूर्ण भूमिका खेल्ने बताए । साथै विद्यार्थीहरु पढाइलाई अगाडी बढाउदै खेल क्षेत्रलाई समेत अगाल्न आग्रह गरे । हस्तान्तरण कार्यक्रममा बाराही माविका प्रधानाध्यापक शिव भण्डारी, पोखरा युपिभिसी उद्योगका सञ्चालक जयन्द्र भट्टराई, विद्यालयका खेल प्रशिक्षक शुसिल केसी, विद्यालयका लेखा सचिन भट्टराईलगाएतको उपस्थिति रहेको थियो ।

# विष्णुपादुकामा लागूपदार्थ दुर्व्यसनविरुद्धको सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखरा-२५ हेमजामा रहेको विष्णुपादुका माध्यमिक विद्यालयमा लागूपदार्थ दुर्व्यसनविरुद्धको अभिमुखिकरण तथा कानूनी व्यवस्था सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

हेमजा साहित्य प्रतिष्ठान नेपालले संस्था स्थापनाको रजतवर्षको अवसर पारेर उक्त कार्यक्रम आयोजना गरेको हो ।

विद्यालयका माध्यमिक तह इन्चार्ज गणेशबहादुर थापाले बढ्दो उमेरका भाइबहिनीलाई समाज र संगतले लागूपदार्थसँग आकर्षित गर्ने भएकाले सचेतना कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा प्रमुख सहजकर्ताका रूपमा नौलो घुम्ती नेपाल लागूपदार्थ परामर्श तथा पुनर्स्थापना केन्द्रका सहजकर्ता लक्ष्मण पन्त र सहजकर्तामा रूपेश थापा रहेका थिए । पन्तले निर्धारित समयमा उत्पादन र फाइदा लिनका लागि त्यसको पूर्वतयारी पहिल्यैबाट जरुरी हुने भएकाले युवा अवस्थाका युवायुवतीलाई आठ ८ कक्षादेखि नै लागूपदार्थ दुर्व्यसनीबारेको परामर्श आवश्यक रहेको धारणा राखे । उनले विद्यार्थी भाइबहिनीलाई मोवाइल, टिकटक र फेसबुकमा भुल्नुभन्दा किताबमा भुल्नु असल मानव बन्नका लागि




सबैभन्दा उत्तम विकल्प रहेको सुझाए । रूपेश थापाले युवापुस्तामा राम्रो नराम्रो भनेर ज्ञानको कमी हुँदाका कारण पनि लागूपदार्थको लत जानेर भन्दा अन्जानमा बस्न सक्ने भएकाले त्यसप्रति सचेत रहनुपर्ने धारणा राखे । मानवअधिकार पत्रकार संघ हुर्जाका अध्यक्ष असफल गौतमले सचेतना नै दुर्घटना न्यूनिकरणको पहिलो आधार भएकाले प्रतिष्ठानले विद्यार्थी र समुदाय केन्द्रित कार्यक्रम गरेर उत्कृष्ट नमूना प्रस्तुत गरेको बताए ।

प्रतिष्ठानका सह-सचिव गंगा त्रिपाठीले प्रतिष्ठानका रजतजयन्ती विशेष प्रत्येक गतिविधिलाई सफल पार्न सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरिन् । कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै दिवाकर पौडेलले प्रतिष्ठानले स्थापनाको रजत वर्षमा विगतका भन्दा पृथक २५ कार्यक्रम गरेर साहित्यमात्र नभएर सभ्य समाज निर्माणका लागि पनि प्रतिष्ठान अगाडि बढेको धारणा राखे ।

कार्यक्रमका सभाध्यक्ष बलराम पौडेलले २५ विशेष कार्यक्रममध्ये अब सात वटा कार्यक्रम बाँकी रहेकाले बाँकी कार्यक्रमलाई पनि साथ, सहयोग र समर्थन जुटाइदिन आग्रह गरे ।

उनले प्रतिष्ठानका गतिविधिमा निरन्तर सहभागिता जनाउने विद्यालयको सहयोगप्रति आभारसहित विद्यालय केन्द्रित कार्यक्रम राख्ने क्रममा शनिवार अम्बिका मा.वि. सुइँखेतमा नेतृत्व विकास कार्यशाला राखिएको जानकारी पनि दिए ।

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनको सहकार्य र नौलो घुम्तीको प्राविधिक सहयोगमा सञ्चालित तालिममा ५३ जना विद्यार्थी भाइबहिनीको सहभागिता रहेको थियो ।

# गुप्तेश्वरमा केस डाइग्नोसिस प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस, पोखरामा केस डाइग्नोसिस एण्ड एनालाइसिस प्रतियोगितो शुक्रबार सम्पन्न भएको छ ।

पोखरामा पहिलो पटक व्यवस्थापन संकाय एम.वी.एस कार्यक्रममा अध्ययनरत विद्यार्थी विच प्रतिस्पर्धा गरीएको कार्यक्रममा विद्यार्थीले लेखन तथा प्रस्तुतीकरण गर्नुभएको थियो । सो दुई दिवसीय कार्यक्रममा कन्या क्याम्पस पोखराका ममता वास्तोला, शैव्या जोशी र विनिता सुवेदीको समुह प्रथम स्थान हासिल गर्न सफल हुनुभएको छ । त्यसैगरी गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसका मनु थापा, सुमन ढकाल र प्रतिक क्षेत्रीको समुह द्धितिय र आदिकवी भानुभक्त क्याम्पसका विद्यार्थी सुनिता राना, पुजा भण्डारी र सविना श्रेष्ठ तृतीय स्थान हासिल गर्नुभएको छ । द्धितिय र तृतीय स्थान हासिल गर्ने समुहलाई क्रमशः पाँच हजार, चार हजार र तीन हजार नगद



पुरस्कार सहित प्रमाण-पत्र प्रदान गरिएको हो । ५ क्याम्पसबाट ३/३ जना प्रतिस्पर्धी सहित ६ टिमको सहभागीता रहेको उक्त प्रतियोगितमा गुप्तेश्वर क्याम्पस, जनप्रिय क्याम्पस, कन्या क्याम्पस, पिएन क्याम्पस र दमौलीको आदिकवि भानुभक्त क्याम्पस रहेको थिए । कार्यक्रममा विज्ञका रुपमा रहनुभएका पोखरा विश्वविद्यालयका प्रा.डा. उमेश सिंह यादवले विद्यार्थीको प्रस्तुती माथि छलफल तथा पृष्ठपोषण गर्नुभएको थियो । क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्रीराम सुवेदीले एमबिएस विद्यार्थीहरुको क्षमता अभिवृद्धि गराउने लक्ष्य सहित आयोजना गरिएको प्रतियोगिता निकै उपलब्धिमुलक भएको बताउनुभयो । क्याम्पस प्रमुख धर्मराज बरालले पोखरा आसपासमारहेकाक्याम्पसबिचको सम्बन्ध सँगै ज्ञान आदानप्रदानमा अबका दिनमा पनि यस्ता कार्यक्रम जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रम संयोजक तथा आइ। क्यू।ए।सी। प्रमुख राजकुमार सुवेदीको अध्यक्षतामा भएको सो प्रतियोगिता बाह्य क्रियाकलाप संयोजक दुर्गानाथ पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# इलाम र बझाम...

आयोगले आज जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन अनुगमन समिति, अनुगमन अधिकृत, मतदानमा खटिएका कर्मचारी एवम् सुरक्षाकर्मीबाटसमेत सुक्ष्म अनुगमनको कार्य भइरहेको छ ।"

मतदानका दिन निर्वाचनको स्वच्छता, निश्पक्षता र पारदर्शितामा असर नपर्ने गरी सम्बन्धित निर्वाचन क्षेत्रका मतदाताको सहज आवागमनका लागि सार्वजनिक सवारी सञ्चालनको उपयुक्त प्रबन्ध गर्न गृह मन्त्रालयमार्फत् सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भईसकेको पनि आयोगले जनाएको छ । आयोगका अनुसार इलाम-२ मा एक लाख १६ हजार आठ सय ८९ मतदाता छन् भने ७९ मतदानस्थल र एक सय ४९ मतदान केन्द्र रहेको आयोगले जनाएको छ । इलाममा विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १९ उम्मेदवार प्रतिस्पर्धामा छन् ।


बझाङ १ (क) कूल ६१ हजार सात सय ४८ मतदाता छन् भने ७४ मतदानस्थल र ९३ मतदान केन्द्र रहेको आयोगले जनाएको छ । बझाङको उपनिर्वाचनमा १२ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# 'मिलिनियम ट्रेक'लाई नियाल्दा

– सागर श्रेष्ठ
काठमाडौं, १४ बैशाख/रासस

पहाडको प्राकृतिक छटा, लेकबस्तीको आत्मनिर्भर अर्थतन्त्र, मौलिक उत्पादनमा आश्रितहरूको कथा चिनाउने माध्यम बनेको 'मिलिनियम ट्रेक' अर्थात् सहस्राब्दी पदयात्रा अहिले धेरैको रोजाइमा पर्न थालेको छ। तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर लामो पदयात्रामा गुरुङ र मगरको संस्कृतिसँगै विभिन्न विभिन्न इतिहास, परम्परा, गाउँले जीवनशैलीका साथै भूगोल जान्ने अवसर पनि हो।

पदयात्राका क्रममा लाहुरबाट फर्किएर डाँडामा जीवन बिताइरहेका बुढापाकाहरू र रोजगारीको खोजीमा युवाहरू सहर र विदेश पुग्दा रित्तिएका गाउँ बस्तीका कथा पनि सुन्न पाइन्छ। 'पानी र जवानी पहाडमा टिक्दैन' भनेझैँ पहाडमा युवाहरूको सङ्ख्या घट्दो देखिन्छ। यद्यपि देशमै केही गर्छु भनी वैदेशिक रोजगारबाट फर्केका युवाहरू कतैकतै भेटिन्छन् पनि। यो पदमार्ग नेपालको ग्रामीण समाजको सभ्यताको चिनारी बुझ्नका लागि र प्राकृतिक एवम् सांस्कृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त गन्तव्य हो भन्न सकिन्छ। देशभित्र र विदेशमा यस पदमार्ग गुरुङ तथा मगर संस्कृति बुझ्नका साथै मध्यनेपालका पहाडको प्राकृतिक सुन्दरतामा रमाउनका लागि उपयुक्त विकल्पका रुपमा प्रचारप्रचार पनि भइरहेको छ। यस पदमार्गमा यात्राका क्रममा कान्जिरोवा, धौलागिरि, अन्नपूर्ण, मनास्लु र गणेश हिमशिखरलगायत विभिन्न पर्वतहरूको अवलोकन गर्न सकिन्छ। करिब चार सय मिटरदेखि एक हजार आठ सय मिटरसम्मको उचाइमा पर्ने यो पदमार्ग अत्यन्तै सुमधुर पदमार्गमा पर्दछ। हिन्दू, बौद्ध र बोन धर्महरूको अभ्यास र प्रचलनलाई नजिकसँग बुझ्ने मौकासमेत यस यात्राका क्रममा गर्न पाइन्छ। पदमार्गको अधिकांश हिस्सा विकट स्थानबाट गुज्रिए पनि कहीँकतै मोटर गुड्ने बाटो पनि भेटिने हुनाले आकस्मिक परिस्थितिका लागि पनि गाडीको सहजै व्यवस्थापन गर्न सकिन्छ। पदयात्रामा १० वर्षे जनयुद्धका क्रममा मुलुकले भागेको घटनाक्रम पनि बुझ्न सकिन्छ। साथै, राजनीतिक विकासक्रमलाई बुझ्न पनि यो पदमार्ग गन्तव्य बन्न सक्छ। पाका पुरानाहरूबाट तत्कालीन समयमा भीडन्तका कथाहरू सुन्न पाइन्छ। त्यति मात्रै होइन, स्याङ्जास्थित माझकोट मनकामनाबाट देखिने मनमोहक दृश्यले सबैको मन लोभ्याउँछ। सङ्घीयतापछि तीनवटै तहका सरकारले गरेको विकासलाई नजिकबाट नियाल्न सकिन्छ। पूर्वाधार विकासमा भएको लगानीबाट बनेका मोटर गुड्ने बाटो, लिफ्टिङ प्रविधिमार्फत पानीको आपूर्ति र २४सैँ घण्टाको विद्युत् आपूर्तिका कारण गाउँमा पुगेको सुविधाले आएको परिवर्तनबारे जानकारी लिन पाइन्छ। पदमार्गमा झरना, खोला, गुफा, मन्दिर एवं विभिन्न भ्यू प्वाइन्टलगायतका आकर्षक पर्यटकीय गन्तव्यले थकाइ महसुस गर्न दिँदैनन्। मिलिनियम ट्रेककै नाममा नामाकरण गरिएको मिलिनियम गुफा, कैलाश गुफाजस्ता साना ठूला रमणीय गुफाहरू पदमार्गमै पर्छन्। बाइसे र चौबीसे राज्य हुँदाका दरबार र कोट तथा किल्लाका भग्नावशेष पनि पदमार्गमा अवलोकन गर्न पाइन्छ। नेपालको आधुनिक इतिहास खण्डमा नै बाइसे-चौबीसे राज्यकाबीच हुने निरन्तर युद्ध र आक्रमणका कारण यी क्षेत्रका डाँडामा धेरै दरबार तथा किल्ला बनाइएका थिए। आज ती दरबार, कोट र किल्ला सबै यस पदमार्गबीच ऐतिहासिक धरोहरको आकर्षणको भएर ठडिएको छ। यी ऐतिहासिक र पुरातात्विक महत्वका यी भग्नावशेषलाई स्थानीयवासीको जोडबलमा संरक्षण गरिँदै आएको छ। पदमार्गमा लोभ्याउने यस्तै ऐतिहासिक दरबार हो भीरकोट दरबार। नेपालको आधुनिक इतिहासमै सफल कुटनीतिज्ञ मानिने ऋषिकेश शाहसँग जोडिएको यस भीरकोट दरबारको भग्नावशेषहरू आज पनि देख्न सकिन्छ। राज्यरजौटा उन्मूलन हुनुपूर्व राजकाज नै सम्हालेका हुनाले यसठाउँकाबासिन्दाविशेषआत्मीयता राख्छन्। माथिल्लो किल्लाबाट स्थानान्तरण गरी तल्लो फाँटमा लगेर शाहले नयाँ दरबार निर्माण गरेको भन्ने तथ्य स्थानीयहरूले भन्न छुटाउँदैनन्। हरिया पहाडको अत्यन्तै मनमोहक दृश्यावलोकन गर्न पाउनु यो पदमार्गको विशेषता नै हो। पदमार्गका कैयौँ ठाउँमा चट्टानैचट्टानले बनेका भीरहरू देख्दा जो कोहीको आङ जिरिङ हुन्छ। साहसिक पर्यटकका लागि गरिने प्याराग्लाइडिङ, क्यानोनिङ र रक क्लाइम्बिङ जस्ता गतिविधि पनि पदमात्रामा प्रशस्तै भेटिन्छन्। हाल व्यावसायिक रुपमा यस्ता गतिविधि नभए पनि साहसिक पर्यटन पारखीहरू भने ठाउँ ठाउँमा रमाइरहेको देख्न सकिन्छ। भीरकोटको कोखे झरना र भीरकोटकै केगा देउरालीबाट हुने प्याराग्लाइडिङजस्ता साहसिक पर्यटकीय गतिविधिमा रम्न सकिने स्थानका रुपमा विकास हुँदै गइरहेको देखिन्छ। यस क्षेत्रमा चाँडै नै यसले व्यावसायिक रुप लिन सक्ने पनि देखिन्छ। पदमार्गमा साइकलिङ तथा मोटरबाइक एडभेञ्चरका लागिसमेत उपयोगी छ। केही वर्ष पहिले पनि यस पदमार्गमा साइक्लिङ प्रतियोगितासमेत गरिएको थियो। त्यसैले पनि नेपाल आउने विदेशी पर्यटकमाझ पदमार्गमा यात्रासँगै साहसिक गतिविधिमा समेत संलग्न गराउन सकिने यथेष्ट सम्भाव्यता छ। यो पदमार्ग चरा अवलोकनका लागि उच्च कोटीमा पर्दछ। त्यसो त सबै खाले पदमार्ग बर्ड बाचिङ्गका लागि अत्यन्तै उपयुक्त भए पनि तनहुँको रायपुरबाट सुरु हुने चरा अवलोकन क्षेत्र विशेष मानिन्छ। स्याङ्जाको भैँसैगौडा र चन्द्रकोट पनि चरा अवलोकनका लागि उपयुक्त थलो मानिन्छ। एक हजार चार सयदेखि एक हजार आठसय मिटरसम्मको उचाईमा रहेका टाकुरामा समेत चराचुरुङ्गीको चिरबिर, लोभलाग्दो रङ र आकार नजिकैबाट देख्दा जोकोही मन्त्रमुग्ध नै हुने गर्दछन्।

पदमार्गको अर्को आकर्षण हो, होमस्टे ट्रेक। यस पदमार्गमा प्रायः गुरुङ र मगर समुदायको बसोबास रहेको छ। स्याङ्जा नेपालको ग्रामीण पर्यटन तथा होमस्टे सुरुआत गर्ने अग्रणी जिल्लामा परिचित छ। यही घरवास पर्यटनअर्थात होमस्टे यस पदमार्गको सबैभन्दा महत्वपूर्ण पक्ष हो। विशुद्ध गुरुङ तथा मगर बासस्थानमा पाउने आतिथ्यताले पदयात्रालाई विशेष बनाउँछ। प्रायः विदेशी यही संस्कृति र जीवनशैलीमा रम्नकै लागि यस पदमार्गमा आउँछन्। स्थानीय अर्ग्यानिक उत्पादनबाटै पर्यटकलाई खानपान गराइन्छ। स्वदेशी होस् या विदेशी यस प्रकारको स्वच्छ अन्न खान पाउँदा खुसी नै हुन्छन्। पदमार्गमा पर्ने चन्द्रकोट होमस्टे र साँधखोला होमस्टेमा देखाइने विभिन्न सांस्कृतिक नृत्य र गीतले पदयात्राको थकान मेटाउँछ। सोराठी, घाँटु नाच, सालै जो, झ्याउरे, झोर्रा नाच, कौडा नृत्य तथा कृष्ण चरित्रजस्ता संस्कृतिलाई यो 'मिलिनियम ट्रेक'मार्फत नजिकैबाट अवलोकन र अनुभव गर्न सकिन्छ। स्याङ्जाको कोल्माकोट र भैसेगौडा तथा सुन्तलाबारी-गहतेजस्ता स्थलमा मिलिनियम ट्रेक पदयात्रामार्फत आउने पर्यटकका साथै स्थानीयहरू पनि राम्रो उपस्थिति हुने गरेको पाइछ। यसको ज्वलन्त उदाहरण हो स्याङ्गजाको कोल्माकोट। यहाँ व्यावसायिक रुपमा पर्यटकीय गतिविधि फस्टाउँदै गएकाले निजी तवरबाट आधुनिक तथा सुविधायुक्त लज तथा होटलमा समेत लगानी भएको छ। पदयात्रीलाई लक्षित गरी स्याङ्गजाकै भैँसेगौडामा सामुदायिक होमस्टे भवन बनाएर अत्याधुनिक लज सरह सुविधायुक्त बासको दिइरहेको पाइन्छ। पदमार्गको विभिन्न स्थलमा विकट गाउँदेखि आधुनिक सुविधायुक्त घरबासको व्यवस्था छ।

नेपालभित्रको मध्यपहाडी पदयात्राका रुपमा विकसित यस ट्रेकले सामुदायिक स्तरमा सकारात्मक प्रभाव छाड्न सफल भएको छ। पदमार्गका विभिन्न गाउँहरू पर्दछन्। मिलिनियम ट्रेकसँग आवद्ध भएसँगै व्यापार र आयस्रोतको बाटो मात्र खुलेको छैन, यसले स्थानीयवासीमा सरसफाइमा ध्यान दिने, पाककला तथा शैलीमा रुपान्तरण गर्ने र विदेशी भाषा समेत सिक्ने मौका पाएका छन्। मिलिनियम ट्रेकसँग जोडिएसँगै पर्यटकीय पूर्वाधार विकासका निम्ती स्थानीय सरकार र प्रदेश सरकारको समेत नजरमा पर्ने भएको हुनाले जनस्तरमा यस पदमार्गको प्रभाव निकै सकारात्मक परेको देखिन्छ।

यसैगरी पदमार्ग भएर गुज्रने विभिन्न छहरा तथा झरनामा क्यानोनिङ र विभिन्न भीर र पाखाहरूमा रक क्लाइमिङजस्ता साहसिक पर्यटन गतिविधि समेत भइरहेको छ। प्याराग्लाइडिङ पनि यस ट्रेकमा पर्ने अर्को विशेषता हो। ढोरफिर्दी-माझकोट मनकामना ग्रामीण पर्यटन विकास समितिको सन् २००० मा राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरिएपपछि यस पदमार्गको नामाकरण 'मिलिनियम ट्रेक' गरिएको हो। यस पदमार्गले सन् २०२५ मा रजत जयन्ती मनाउन लागेको छ। सशस्त्र युद्धकालको बीचमा सुरुआत भएको यो पदमागको प्रबर्द्धनमा त्यसपछिका दिनमा केही कम भएको समेत पाइन्छ। यद्यपि निरन्तरको प्रयास र दृढतामा जुझ्ने समुदायहरूले आजको दिनसम्म यस पदमार्गलाई सफल पार्न लागिपरेका छन्। विदेशी पल्टनबाट अवकाश लिएर फर्केका लाहुरे बादेखि वैदेशिक रोजगारको अनुभव बटुलेर गाउँमा नै केही गर्छु भन्ने युवाका लागि मिलिनियम ट्रेक विदेशी मुद्रा कमाउने अवसर बनेको छ। कूल ७२ किमी लामो यस पदमार्गले दिने मनमोहक अनुभव जीन्दगीभर यादगार रहने गरी छाप बसाउन सफल रहेको छ। पदमार्गले सरकारी र निजी दुवै स्तरबाट विश्व बजारमा सगरमाथा र अन्नपूर्ण पदमार्गको जस्तै बजारीकरणको अपेक्षा गरेको छ। (लेखक नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयमा कार्यरत हुनुहुन्छ)

# भुर्जुङखोलामा सृजना विकास केन्द्रको स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख




पोखरा -८ सिमलचौरमा रहेको सृजना बिकास केन्द्रले माछापुच्छे गाउँ पालिका वडा नं २ भुर्जुङखोलामा शुक्रबार एक दिवसीय स्वास्थ्य परिक्षण सम्पन्न गरेको छ।

सार्दीखोला स्वास्थ्य चौकीमा भएको स्वास्थ्य परिक्षणमा ११२ जना महिलाले सेवा लिएका थिए।महिलाहरुका लागि मात्र आयोजना गरिएको स्वास्थ्य परिक्षणमा ग्यालेक्सी हस्पिटलका डाक्टर सृजना शर्मा, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका डाक्टर तारा गुरुङ, डाक्टर सुजन बराल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका राधिका रेग्मी लगायतले स्वास्थ्य परिक्षण र परामर्श गरेका थिए। स्वास्थ्य परिक्षणमा पाठेघरको मुखमा इन्फेक्सन भएको, आङ खसेको, गर्भ तुहुने र महिनावारी अनियमित हुने गरेको समस्या देखिएको डाक्टर सृजना शर्माले जानकारी दिइन। स्वास्थ्य परिक्षण गरिएका महिलाहरूलाई औषधी र परामर्श दिइएको राधिका रेग्मीले जानकार गराइन। सृजना विकास केन्द्रले सार्दीखोला स्वास्थ्य चौकीलाई ५० हजारको औषधी समेत दिएको छ। सृजना विकास केन्द्रका अध्यक्ष विष्णुप्रसाद बरालले सृजना केन्द्रले कमाएको रकमले स्वास्थ्य परिक्षण गरिएको जानकारी दिदै महिला सशक्तीकरण र बालबालिकाको क्षेत्रमा साझेदारीमा काम गर्ने योजना सुनाए। उनले रोग लाग्न नदिन खानपानमा सचेतना जगाउने काम लाग्न आग्रह गरे। स्वास्थ्य परिक्षण शिविरको उद्घाटन गर्दैन माछापुच्छे गाउँ पालिका वडा नं २ अध्यक्ष गणेश आचार्यले सेवामुखी भावना लिएर सृजना विकास केन्द्र आएकोमा धन्यवाद दिए। उनले रोग नलुकाउन आग्रह गर्दै भने-स्वास्थ्य नै धन हो। सृजना विकास केन्द्रका संस्थापक अध्यक्ष डम्बर केसीले घर आगनमा आएका विशेषज्ञ चिकित्सकबाट सेवा लिन र रोग नलुकाउन अनुरोध गरे।सृजना विकास केन्द्रका उपाध्यक्ष एवं शिविर संयोजक शान्ति शर्माले महिलाका समस्या धेरै हुने भएकोले चिकित्सकको सेवा लिन आग्रह गरिन।सार्दीखोला स्वास्थ्य चौकी व्यवस्थापन समितिका उपाध्यक्ष टेकराज आचार्यले रोग लुकाउनु पर्छ भन्ने बुझाइ गलत भएको भन्दै महिलाकै व्यवस्थापनमा यस्ता अभियान सफलहुने बताए। सृजना विकास केन्द्रका महासचिव चन्द्र गिरीले यस्ता कार्यक्रम सहकार्यमा गर्दै जाने वाचा गरे। सार्दीखोला स्वास्थ्य चौकीका कर्मचारी र महिला स्वयंसेवीकाले स्वास्थ्य शिविरका लागि सहयोग पुऱ्याएका थिए।

# म्याग्दीमा औंलो उन्मूलन

पोखरापत्र संवाददाता
म्याग्दी, १४ बैशाख

म्याग्दीबाट औलो रोग उन्मूलन भएको छ। नेपालमा दुई दशकअघिसम्म औलो रोग महामारीका रुपमा रहेको थियो। सरकारले नेपाललाई सन् २०२५ सम्म औलो उन्मूलन राष्ट्र बनाउने लक्ष्य राखेको छ।

पछिल्लो तीन वर्षयता औलाका रोगी फेला नपरेकाले औलो उन्मूलन भएको स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठीले बताउनुभयो। "मापदण्डअनुसार म्याग्दीमा वार्षिक एक हजार चार सय जनामा लक्षण देखिएका बिरामीको औलो परीक्षण गरिँदै आएको छ", उहाँले भन्नुभयो, "पछिल्लो तीन वर्षयता औलोका बिरामी नभेटिएकाले औलो उन्मूलन भएको घोषणा गर्न सकिने आधार बनेको छ।" सचेतनामूलक कार्यक्रम, समुदायस्तरमा सावधानी, उपचारमा पहुँच वृद्धि, स्वास्थ्यचौकी तहमा परीक्षण गरी औलोका बिरामी पहिचान गर्न थालेपछि औलो उन्मूलन हुन थालेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी गणेश सुवेदीले बताउनुभयो। उहाँका अनुसार गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा २६, २०७८/७९ मा १३ र २०७७/७८ मा १२ जना औलोका बिरामी भेटिएका थिए। उनीहरू सबै आयातित औलोका बिरामी हुन्। विदेश अथवा जोखिमयुक्त ठाउँबाट आएका व्यक्तिलाई ४५ दिनभित्र देखिने औलोलाई आयातित र एकै ठाउँमा रहेका व्यक्तिमा देखिने औलोलाई स्थानीय भन्ने गरिएको छ। तापक्रम वृद्धिको असर, विदेशी मुलुकमा हुने आवतजावत, पर्यटक, जोखिमयुक्त ठाउँमा यातायात सम्बन्ध आदिका कारणले आयातित औलोको जोखिम रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक राजेन्द्र सापकोटाले बताउनुभयो।

"औलोको जोखिम रहेको भारतका धेरै नागरिक तीर्थयात्रीका रुपमा म्याग्दी र मुस्ताङ आउने भएको हुँदा उनीहरूसँगै आयातित औलो भित्रने जोखिम छ", उहाँले भन्नुभयो, "शङ्कास्पद बिरामीको परीक्षण र अभिलेख व्यवस्थापनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक छ।" ज्वरो आउने, कमजोरी हुँदै जाने, एक दिन बिराएर वा दुई दिनमा ज्वरो आउने, जाडो भएजस्तो हुने, सिरक ओढ्दा तत्काल पसिना आउने आदि औलोका लक्षण हुन्। फाल्सीफोरम परजीवीका कारण हुने औलोमा इन्सेफ्लाइटिस या मेनेन्जाइटिसको जस्तो दिमागमा असर गर्ने र मिर्गौलामा असर गर्ने हुँदा पिसाबमा रगत मिसिएर आउन सक्छ। औलोबाट बच्नका लागि घरभित्र लामखुट्टे मार्ने औषधि छर्कने, झुल लगाएर मात्र सुत्ने, घर वरपर पानी जम्ने खाल्डाखुल्डी छन् भने पुरिदिने या पानी जम्न नदिने, घरवरपर सरसफाइ राख्ने, घरमा कसैलाई औलो लागेको छ र अरुलाई पनि लक्षण देखिएमा तत्काल जाँच गराउन चिकित्सकले आग्रह गरेका छन्।

# मर्स्याङ्दी जलाशयमा मोटरबोट चढ्ने आकर्षण

पोखरापत्र संवाददाता
दमौली, १४ बैशाख

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटस्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रको जलाशयमा मोटरबोट चढ्न सर्वसाधारणको आकर्षण बढेको छ। जिल्लामै पहिलो पटक सञ्चालन भएको मोटरबोटले सर्वसाधारणको ध्यान खिचेको हो। पृथ्वीराजमार्ग भएर यात्रा गर्ने सवारीसाधन रोकेरै मोटरबोटमा शयर गरी गन्तव्यतर्फ जाने गरेका छन्। यसका अतिरिक्त आँबुखैरेनी आसपासबाट पनि सर्वसाधारण यहाँ आउने गरेका छन्। परिवारसहित मोटरबोट शयर गर्न पुग्नुभएका जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले गर्मी मौसममा निकै आनन्दित महसुस भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सञ्चालनको छोटो अवधिमै यसले सर्वसाधारणको ध्यान खिचेको छ। पर्यटन प्रवर्द्धनका लागि यो कोसेढुङ्गा सावित त हुने नै छ। साथै आँबुखैरेनी गाउँपालिकालाई आम्दानीका हिसाबले टेवा मिल्नेछ।" तनहुँको म्याग्दे गाउँपालिका-४ थर्पु निवासी भीमलाल श्रेष्ठले गर्मी मौसममा मोटरबोट शयर गर्दा शीतलताको अनुभव गर्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "कामका सिलसिलामा राजमार्गमा यात्रा गर्दा मोटरबोट शयर गरेर आयौँ, नदीमा मोटरबोट चढेर दौडिँदा आनन्द आयो।" आँबुखैरेनी गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि जलविद्युत् केन्द्रको जलाशयमा मोटरबोट सञ्चालन गरेको हो। मर्स्याङ्दी जलविद्युत् केन्द्रको जलाशयमा मोटरबोट सञ्चालनका लागि आँबुखैरेनी गाउँपालिकाले गत पुस ९ गते बोलपत्र आह्वान गरेको थियो। मोटरबोट सेवाप्रदायक कम्पनी बोटेबोराको प्रस्ताव छनोट गरी गाउँपालिकाले उक्त कम्पनीसँग सम्झौता गरी सेवा सञ्चालनमा ल्याएको हो। जलाशय नजिक प्रसिद्ध धार्मिकस्थल अल्कादेवी पनि रहेकाले धार्मिक पर्यटकलाई समेत मोटरबोटमा आकर्षित गर्न सकिने गाउँपालिका अध्यक्ष शुक्र चुमानको भनाइ छ। साथै पृथ्वी राजमार्ग हुँदै यात्रा गर्ने पर्यटकलाई समेत मोटरबोटमा आकर्षित गर्न सकिने उहाँले बताउनुभयो। जलाशयमा तत्कालका लागि रु एक करोडको लगानी गरिएको बोटेबोराका सञ्चालक विष्णु ढकालले जानकारी दिनुभयो। मोटरबोट सञ्चालनले आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यको रुपमा विकास गर्न सकिने उहाँको भनाइ छ। नेपालकै पहिलो र ठूलो मोटरबोट उत्पादक नेपाल सीप एण्ड बोट बिल्डिङ प्रालिले निर्माण गरेको अग्नि र फिस्टेल नामका दुई मोटरबोट सञ्चालन गरिएको छ। कम्पनीले थप रु तीन करोड लगानी गरी जलाशय किनारमा 'बिच रेस्टुरेन्ट', फ्लोटिङ डेक, रिभर भ्यु पोइन्ट, शौचालय तथा मोटरबोट सर्भिस सेन्टर सहितको संरचना बनाउने योजना बनाएको छ। यसअघि नेपालगञ्जको वाटरपार्क, चितवनको नारायणघाट र देवघाट साथै सर्लाहीको भरततालमा पर्यटकलाई मोटरबोट सेवा दिँदै आएको कम्पनीले छिट्टै सुर्खेतको बुलबुले तालमा पनि मोटरबोट सञ्चालनमा ल्याउने योजना बनाएको ढकालले जानकारी दिनुभयो। मोटरबोटमा घुम्न लाग्ने समयअनुसार फरक-फरक शुल्क कायम गरिएको छ। कम्पनीले ६ देखि ८ मिनेटसम्म मोटरबोटमा शयर गर्न रु दुई सय ५० प्रतिव्यक्ति, १० देखि १२ मिनेटसम्मको लागि प्रतिव्यक्ति रु पाँच सय र १५ देखि २० मिनेटसम्म शयर गर्नका लागि प्रतिव्यक्ति रु एक हजार शुल्क लाग्ने जनाएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०१/१४

यस कार्यालयबाट मिति २०७६/११/०६ मा कास्की जिल्ला पोखरा १९ कास्कीमा संचालन गर्ने गरि महाशिला ०५ पर्वत निवासी हिम प्रसाद गौतमको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १६८९१/०७६/०७७ (१७६४) को तिन भाइ कृषि तथा पशुपंक्षी फर्म नामक प्राईभेट फर्म मिति २०८१/०१/१४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पर्यटन तथा उद्योग कार्यालय
कास्की

# विकराल बन्दै डढेलो

रामबहादुर थापा
गण्डकी, १४ वैशाख /रासस

वन तथा भू-संरक्षण विभागका अनुसार बिहीबारसम्ममा ५० जिल्लाका वन क्षेत्रमा डढेलो फैलिएको छ । सो दिन देशभर गरी तीन सय ६० ठाउँमा डढेलो लागेको विभागका वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिनुभयो । त्यसमध्ये ५९ डढेलोका घटना संरक्षित क्षेत्रमा भएको उहाँको भनाइ छ ।

"बिहीबारको तथ्याङ्कमा सबैभन्दा बढी प्रभावित जिल्ला प्यूठान देखिएको छ", वन अधिकृत श्रेष्ठले भन्नुभयो, "संरक्षण क्षेत्रअन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र बढी प्रभावित छन् ।" बिहीबार सातवटा संरक्षण क्षेत्र तथा राष्ट्रिय निकुञ्जमा डढेलो लागेको विभागले जनाएको छ । वैशाख लागेपछि डढेलोका घटना बढेको वन अधिकृत श्रेष्ठले बताउनुभयो । डढेलोको क्षेत्रफल र वनमा पुगेको क्षति भने आकलन बाहिर छ । आगलागी र डढेलोका घटनामा परी ज्यानै जानेसम्मका घटना भएका छन् । विभागका उपमहानिर्देशक दीपक ज्ञवालीले अघिल्लो वर्षको तुलनामा यस वर्ष डढेलोका घटना बढ्ने देखिएको बताउनुभयो । "मध्य वैशाखलाई डढेलोको उच्च जोखिमको समय मानिन्छ", उहाँले भन्नुभयो, "गत वर्ष देशभर तीन हजार छ सय आसपास ठाउँमा डढेलो लागेको थियो ।" बर्सेनि औसतमा चार हजार स्थानमा डढेलो लाग्ने गरेको पाइएको उपमहानिर्देशक ज्ञवालीले बताउनुभयो । "दुई वर्षअघि झण्डै छ हजार स्थानमा डढेलोको प्रकोप देखिएको थियो, अहिले पनि डढेलो फैलँदो क्रममा छ", उहाँले भन्नुभयो, "वर्षा नभए जेठसम्मै डढेलोको जोखिम रहन्छ ।" वन तथा वातावरण मन्त्रालयका उपसचिव प्रकाश थापाले फागुनदेखि जेठसम्म डढेलोको प्रकोप रहने बताउनुभयो । डढेलोले वन विनाश मात्रै नभई धनजनको समेत क्षति हुने गरेको उहाँको भनाइ छ । "डढेलोको समस्या विकराल बन्दैछ", उपसचिव थापाले भन्नुभयो, "लम्बिँदो खडेरीका कारण डढेलो नियन्त्रण बाहिर गइरहेको छ ।" गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो छिटो फैलने गरेको उहाँको भनाइ छ । वनजङ्गल, भिरपाखा र खरबारीमा हुने अनियन्त्रित आगलागीले वन क्षेत्रमा मात्र नभई नजिककै बस्तीलाई समेत असर पारिरहेको उहाँले बताउनुभयो । मानवीय कारणले नै डढेलो लाग्ने गरेको उहाँको भनाइ छ । "करिब ५८ प्रतिशत जानीजानी, २२ प्रतिशत लापर्वाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको छ", उपसचिव थापाले भन्नुभयो, "पछिल्लो समय वन व्यवस्थापनका क्रियाकलाप घट्दा पनि डढेलोको प्रकोप बढिरहेको देखिन्छ ।"

आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछन् भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यसले अनियन्त्रित भई डढेलोको रुप लिने गरेको उहाँको भनाइ छ । वन डढेलोका बहुअसर रहेको उपसचिव थापाले बताउनुभयो । "डढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै वातावरणीय प्रदूषण निम्त्याउँछ", उहाँले भन्नुभयो, "डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमा भूमिका खेलिरहेको हुन्छ ।" डढेलोले माटाको प्राङ्गारिक तत्व नष्ट हुने, वन्यजन्तुको बासस्थान नासिनेलगायतका समस्या निम्तिने गरेको उहाँको भनाइ छ । डढेलोले भू-क्षय, बाढीजस्ता प्राकृतिक विपद्का घटना पनि बढाउने उपसचिव थापाले बताउनुभयो । बर्सेनि बढिरहेको डढेलोको प्रकोप नियन्त्रणका लागि जनशक्ति र स्रोतसाधनको उचित प्रबन्ध गर्नुपर्ने उपसचिव थापाले बताउनुभयो। "परम्परागत तरिकाले मात्र अब डढेलो नियन्त्रणमा लिन कठिन छ, तालिमप्राप्त जनशक्ति र पर्याप्त उपकरण चाहिन्छ", उहाँले भन्नुभयो, "प्राकृतिक भू-वनोटका कारण पनि नेपालमा डढेलो चुनौतीको विषय बनिरहेको छ ।"

डढेलो लगाउने व्यक्तिलाई कानुनबाट दण्डित गरिए पनि यसमा कमी आउन नसकेको उहाँको भनाइ छ । जनचेतना फैलाउने र प्रचारप्रसारका काम गर्नुपर्ने उहाँले बताउनुभयो । सुख्खायामपूर्व नै डढेलो संवेदनशील क्षेत्रबाट पातपतिङ्गरलगायत जल्ने पदार्थ हटाउनुपर्ने उपसचिव थापाले बताउनुभयो। "वनमा अग्नि रेखाको निर्माण, सरसफाइ जस्ता कार्य नियमित गर्नुपर्छ", उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणका लागि जनसहभागिता जुटाउनुपर्छ ।" गण्डकी प्रदेश वन निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाले डढेलोका घटना नियन्त्रण र न्यूनीकरण सबै पक्षको साझा विषय भएको बताउनुभयो। "बर्सेनि डढेलोका कारण वन क्षेत्रमा ठूलो नोक्सानी हुने गरेको छ, डढेलोले वनजन्तु र पंक्षी मर्ने, उनीहरूको बासस्थान नष्ट हुन्छ", उहाँले भन्नुभयो, "डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुऱ्याइरहेको हुन्छ।" नेपालमा मुख्य गरी फागुन-वैशाखमा डढेलोका घटना बढी हुने गरेको उहाँको भनाइ छ । हिउँदे वर्षा नहुनु, हावाहुरीको याम, भिरालो भूबनोटजस्ता कारणले पनि डढेलो छिटो फैलने गरेको वन अधिकृत थापाले बताउनुभयो । वन व्यवस्थापनलाई चुस्त बनाउन सके डढेलोका घटना नियन्त्रण गर्न सकिने उहाँको भनाइ छ । "समयमै घाँसदाउरा, स्याउला, सोत्तर वनबाट निकाल्न सके डढेलो लाग्न पाउँदैन, डढेलो नियन्त्रणका लागि तीनै तहका सरकार र जनस्तरबाट समेत प्रभावकारी उपाय अबलम्बन गर्न जरुरी छ", उहाँले भन्नुभयो, "समुदायमा डढेलो सम्बन्धी सचेतना जगाउनुपर्छ ।" डढेलो नियन्त्रणका लागि जिल्ला र स्थानीय तहमा रहेका डिभिजन वन र सब-डिभिजन वन कार्यालयअन्तर्गत डढेलो नियन्त्रण सञ्जाल क्रियाशील रहेको उहाँले जानकारी दिनुभयो । वन कार्यालयहरूले सुरक्षा निकाय, स्वयंसेवक र स्थानीय जनसमुदायसँग मिलेर डढेलो नियन्त्रणका काम गर्दै आएको निर्देशनालयले जनाएको छ । लम्बिँदो सुख्खा यामका कारण यो हिउँदमा डढेलोका घटना अझै बढ्न सक्ने जोखिम रहेको वन अधिकृत थापाले बताउनुभयो । डढेलोले निजी, सामुदायिक र राष्ट्रिय वन क्षेत्रका बोटबिरुवा तथा बुट्यान सखाप पार्ने गरेको उहाँको भनाइ छ। वन अधिकृत थापाले विद्यालय तहदेखि नै डढेलो नियन्त्रण र वन संरक्षण सीपबारे बालबालिकालाई पढाउनुपर्ने बताउनुभयो । डढेलो लगाउने व्यक्तिलाई बिगो अनुसारको जरिवानासहित तीन वर्षसम्मको कैद हुन सक्ने कानुनी व्यवस्था रहेको उहाँको भनाइ छ ।

सामुदायिक वन उपभोक्तामहासङ्घका केन्द्रीय सदस्य प्रेम लामिछानेले वनको वैज्ञानिक व्यवस्थापन र स्रोत परिचालन नहुँदा पनि डढेलोका घटनाले प्रश्रय पाइरहेको बताउनुभयो । "घाँसदाउरा, स्याउला, सोत्तर लिन मानिसहरू वन जाने छाडे, झाडी सफाइ पनि हुँदैन, जसका कारण डढेलो अनियन्त्रित भई फैलिइरहेको छ", उहाँले भन्नुभयो, "वन व्यवस्थापन र उपभोगमा राज्यको पनि यथेष्ट ध्यान पुग्न सकेको छैन, वन पैदावर यसै खेर गइरहेको छ।"

# लेकसाइड मदिरा व्यवसायीको शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, १४ वैशाख



लेकसाइड मदिरा व्यवसायी समितिले नयाँवर्षको अवसर पारी शुभकामना आदान प्रदान तथा २०८१ सालको भित्तेपात्रो विमोचन गरेको छ ।

भित्तेपात्रोको विमोचन गर्दै गण्डकी प्रदेश सभा सदस्य देवका पहारीले पोखरा पर्यटकीय राजधानी घोषणा सँगै यसलाई सार्थकता दिन सम्पूर्ण व्यवसायीको जिम्मेवारी हुने बताउन । पोखरा आफैमा पर्यटकीय गन्तव्य भएतापनि सरकारी स्तरबाटै पर्यटकीय राजधानी घोषणा हुनु आफैमा गर्वको कुरा रहेको उनको भनाइ रहेको थियो ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ६ का सदस्य दिपेन्द्र पहरी, पश्चिमाञ्चल होटल संघका अध्यक्ष लक्ष्मण सुवेदी, सारस बेभरेज डिलरका प्रतिनिधी राजु सुवेदी लगायत व्यवशायीले व्यवसायिक मर्यादामा रहेर व्यवसाय गर्नुपर्नेमा जोड दिएका थिए ।

संस्थाका अध्यक्ष रोशन देवकोटाले लेकसाइड मदिरा व्यवसायी समितिमा आवद्ध व्यवसायीहरुले व्यवसायमात्र नभइ सामाजिक काममा समेत अग्रसर रहेको बताउदै आगामी दिनमा पनि सामाजिक कामलाई निरन्तरता दिने बताए । कार्यक्रममा संस्थाप्रति सकारात्मक र क्रियाशिल रहेको भन्दै संस्थाका कार्यसमिति सदस्य मणिराम पाण्डेलाई सम्मान गरेको थियोभने विज्ञापनदाता कम्पनी लगायतलाई प्रशंसा पत्र प्रदान गरिएको थियो ।

संस्थाका उपाध्यक्ष दुर्गादत्त गौतमले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव बालहरी बरालले गरेका थिए ।

# स्याङ्जाका शिवको लोभलाग्दो 'ड्रागन फ्रुट' खेती

पोखरापत्र संवाददाता
वालिङ, १४ वैशाख

दश वर्ष कोरिया बसेर फर्कनुभएका शिव थापा व्यावसायिक रुपमा 'ड्रागन फ्रुट' फलाउन थाल्नुभएको छ। वालिङ नगरपालिका-४ रत्नेथुम्काका उहाँले विदेशमा सिकेको सीप आफ्नै गाउँ फर्केर उपयोग गर्नुभएको हो ।

"दक्षिण कोरियामा निर्माण क्षेत्रमा काम गरेता पनि फुर्सदमा त्यहाँका कृषि फार्ममा पनि काम गरेर अनुभव लिएको थिएँ", उहाँले भन्नुभयो, "त्यहाँ सिकेको ज्ञान अहिले आफ्नै जन्मभूमिमा फर्केर प्रयोग गरी आम्दानीसित जोडिएको छु ।" कोरियाबाट ड्रागनखेती गर्छु भन्ने सङ्कल्पका साथ गाउँ आउनुभएका उहाँले दुई वर्षअघि तीन सय बिरुवा लगाउनुभएको थियो । बिरुवाले प्रशस्त फल दिएपछि त्यसलाई विस्तार गर्दै हाल पाँच रोपनीमा एक हजार बिरुवा लगाउनुभएको छ। "नयाँ फल भएकाले स्थानीय बजारमा यसको खपत भएको छ", उहाँले भन्नुभयो, "गत वर्ष घरबाटै नै डेढ क्विन्टल बिक्री गरेको थिएँ यस वर्ष पाँच क्विन्टल बिक्री गर्ने लक्ष्य छ ।" सुरुमा आफूले उत्पादन गरेको फलका बारेमा बुझाउँदै हिँड्नु परे तापनि अहिले उत्पादन हुनासाथ घरबाटै बिक्री हुने गरेकाले बजारको समस्या नभएको उहाँ बताउनुहुन्छ । प्रतिकेजी रु पाँच सयका दरले बिक्री गर्दै आउनुभएका उहाँ मागअनुसार आपूर्ति गर्न नसकको बताउनुहुन्छ । छ लाखको लागतमा व्यावसायिक खेती थाल्नुभएका थापाको 'फार्म'को सुरक्षाका लागि वालिङ नगरपालिकाले तारबार गर्न रु तीन लाख उपलब्ध गराएको छ । वडा कार्यालयले पनि सिँचाइका लागि सहयोग गरेको उहाँले बताउनुभयो।उहाँले ड्रागन फ्रुटसँगै खाली रहेको जमिनमा कोरियाली साग (फेछु) र चिनियाँ साग पनि लगाउनुभएको छ । "ड्रागन फ्रुटका बोटका बीचमा साग लगाएको छु, त्यसको माग अत्यधिक छ", उहाँले भन्नुभयो, "तीन-तीन महिनामा साग बेचेर रु एक लाख आम्दानी गर्दै आएको छु ।" साग पनि स्थानीय व्यापारीले घरमै आएर किन्ने गरेका छन् । उहाँले फार्मले सेतोपातीको समेत व्यावसायिक उत्पादन गर्दै आउनुभएको छ । काटेर सुकाएको सेतोपाती प्रतिकेजी रु एक सयका दरले बिक्री हुने गरेको छ । "अहिले उत्पादन भएको ड्रागन फ्रुटलगायत कृषिजन्य उत्पादन नजिकैको बजारमा खपत भइरहेको छ, अब व्यवसायलाई विस्तार गर्ने सोचमा छु", उहाँले भन्नुभयो ।

# सिद्धगुफालाई पर्यटकीय गन्तव्य बनाइँदै

पोखरापत्र संवाददाता
तनहुँ, १४ वैशाख

तनहुँको भीमाद नगरपालिका-७ र ९ को सिमानामा रहेको सिद्धगुफालाई पर्यटकीय गन्तव्य बनाउन विभिन्न पूर्वाधार निर्माण गर्न थालिएको छ । प्राकृतिक सुन्दरताले भरि पूर्ण उक्त गुफाको विकास गर्न नगरपालिकाले भौतिक संरचना निर्माण कार्य अघि बढाएको हो ।

गुफाभित्र चुन पत्थर बनेका विभिन्न आकृतिले पर्यटकलाई आकर्षित गर्ने गरेको छ । प्रचारप्रसारको अभावमा सिद्धगुफा ओझेलमा परेको छ । उक्त गुफाको विकास गर्न भीमाद नगरपालिकाले रु तीन करोड विनियोजन गरी विभिन्न संरचना निर्माणको काम गरिरहेको छ ।

सिद्धगुफामा प्रवेशद्वार, गुफासम्म जाने मार्गमा कालोपत्र, टिकट काट्ने घर, व्यवस्थित शौचालयलगायतका संरचना निर्माण भइरहेका नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो । कोभिड-१९ अघि आन्तरिक पर्यटक चहलपहल बढेको थियो । पछिल्लो समय भने सो सङ्ख्या घटेको नगरप्रमुख सुवेदीको भनाइ छ । उहाँले भन्नुभयो- "अहिले गुफा परिसरमा विभिन्न पूर्वाधार निर्माण भइरहेका छन् ।" पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले सक्दो पहलकदमी गर्दैआएको प्रमुख सुवेदी बताउनुहुन्छ ।

बिदाका दिनमा गुफाको अवलोकन गर्न दैनिक दुई सयको हाराहारीमा पर्यटक घुम्न आउने गरेका छन् । गुफाभित्र तीन तलासम्म हिँड्डुल गर्न मिल्छ । गुफाको प्रत्येक तलामा आकर्षक चित्रहरू रहेका छन् । गुफाभित्र प्राकृतिक रुपमा बनेका विभिन्न आकृति देख्न सकिन्छ । गुफा नजिकै चमेरो गुफा पनि छ । चमेरो गुफा करिब तीन किलोमिटर लामो छ । चमेरो गुफाभित्र पातालगङ्गा रहेको छ। पाल्पा, स्याङ्जा, नवलपरासी र तनहुँ जिल्लाको व्यापारिक केन्द्र भिमाद बजारदेखि चार किलोमिटर पश्चिममा सिद्धगुफा पर्दछ । पृथ्वी राजमार्गको खैरेनीटारबाट सात किलोमिटर दक्षिणमा रहेको भिमाद बजारको पश्चिमतर्फ बगेको जिदीखोलामा पुगेपछि मिर्दी-भिमाद मोटरमार्ग र सिद्ध गुफा मोटरमार्ग छुट्टिन्छ। जिदीखोलाको किनार हुँदै पश्चिम दिशातर्फ गएपछि भिमाद-९ धन्दुर मस्वा चौतारी पुगिन्छ । यहीँबाट सिद्धगुफा क्षेत्र आरम्भ हुन्छ । सिद्ध गुफाको चारैतिर वनजङ्गल क्षेत्र छ । यहाँको मनोरम दृश्यले जो कोही पर्यटक पनि लोभिन्छन् ।

# बेँसीसहर-खुदी सडक कालोपत्र सम्पन्न

पोखरापत्र संवाददाता
लमजुङ, १४ वैशाख

मनाङ र लमजुङ जोड्ने बेँसीसहर-चामे सडक कालोपत्र सम्पन्न भएको छ । उक्त सडकअन्तर्गत बेँसीसहरबाट खुदीसम्मको सात दशमलव आठ किलोमिटर खण्ड कालोपत्र भएको हो ।

डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका इन्जिनियर किरण पोखरेलका अनुसार अस्फाल्ट प्रविधिबाट कालोपत्र गरिएको हो। पाँच दशमलव पाँच मिटरमा सवारीसाधन सञ्चालन हुने, एक दशमलव एक मिटर पानीको निकास र पैदलयात्री मार्ग एक मिटर चौडा छ । कुल ५२ करोड ९६ लाखको लागत अनुमान गरिएकामा रु २५ करोड ३२ लाखमा कालोपत्र गर्ने सम्झौता भएको थियो ।

बेँसीसहरबाट खुदीसम्म करिब साढे सात किलोमिटर सडकखण्डभित्र पर्ने बेँसीसहर नगरपालिका-६ स्थित तीन सय मिटर लामो खरखरेभिरका लागि सो रकमबाहेक बोलपत्र आह्वान गरेर रु २० करोड लागत अनुमान गरेकामा रु १६ करोड र सोही स्थान नजिक एक सय २० मिटरको करिब रु चार करोडमा पुल तथा बाटो निर्माण भइरहेको छ। पैसठ्ठी किलोमिटर लामो यो सडक लमजुङतर्फ ३५ किलोमिटर र मनाङतर्फ ३० किलोमिटर छ । खुदीसम्म कालोपत्र भए पनि त्यहाँबाट चामेसम्मको अधिकांश भाग जीर्ण छ।


## शिक्षक आवश्यकता

अन्नपूर्ण गा.पा. शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं. ११७१ मिति २०८१/०१/१४ गतेको पत्रअनुसार यस श्री उमा माध्यमिक विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह तृतिय श्रेणीको करार अंग्रेजी शिक्षक पदमा शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**

विज्ञापन नं.: ०१/२०८०/२०८१ पदः शिक्षक संख्याः १ जना
तहः नि.मा.वि. (अंग्रेजी) किसिमः करार
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबा + २ उत्तीण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान, - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८१/०१/२८ गते ४ बजेसम्म
सम्पर्क मितिः फोनबाट जानकारी गराइने ।
दरखास्त दस्तुरः रु ७००।- (सात सय मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
करार सुचीमा भएका उम्मेदवारहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो करार सूची क्रमाङ्क सहित विद्यालयमा निवेदन दिनुपर्नेछ।
नोटः उपल्लो शैक्षिक योग्यता र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकालाई विशेष ग्रहायता दिइने छ।
जानकारीको लागि : दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं. A641052462252401 खातामा भएको नाम Shree Uma Secondary School मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन र अन्य आवश्यक कागजातहरु विद्यालयको Email:umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम विद्यालयमा आएर कार्यालय समयमा बुझाउन सकिने छ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**
**सम्पर्क नं.**: ९८४६४६८२१७,९८४१०२६००८९, ९८४८१३८६३८
Email: grg.buddhi2027@gmail.com


# माछापुच्छ्रे मावि व्यवस्थापन समितिमा पुनः बमबहादुर

पोखरापत्र संवाददाता
पोखरा, १४ वैशाख



कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका-२ भुर्जुङखोलामा अवस्थित माछापुच्छ्रे माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा बमबहादुर गुरुङ चयन हुनुभएको छ ।

विद्यालयमा आज सम्पन्न भेलाले व्यवसायी एवं समाजसेवी गुरुङलाई पुनः अध्यक्षमा चयन गरेको हो । यसैगरी विद्यालय व्यवस्थापन समितिको सदस्यहरुमा सुमन श्रेष्ठ, माधव आचार्य, सुनिता सेवा, इनबहादुर तामाङ, टेकराज आचार्य, अनिल गुरुङ, समिति सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक सन्तोष आचार्य र शिक्षक प्रतिनिधिमा सुशीला गुरुङ रहनुभएको छ । विद्यालयको संरक्षकमा वडाध्यक्ष गणेश आचार्य रहनुभएको छ । नवगठित व्यवस्थापन समितिका अध्यक्ष गुरुङले विद्यालयलाई जिल्लाकै नमूना बनाउने गरी आफूले काम गर्ने प्रतिवद्धता जनाउनुभयो । उहाँ यसअघि विसं २०७७ माघ १४ गते पहिलोपटक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन हुनुभएको थियो ।

अध्यक्ष गुरुङकै पहलमा विद्यालयलाई भारतीय दूतावासबाट हालै बस प्राप्त भएको थियो । "विद्यालयको शैक्षिक गुणस्तर तथा भौतिक पूर्वाधार विकासमा थप मिहिनेत गरेर काम गर्नेछु । विद्यालयलाई सक्षम र सुविधासम्पन्न बनाउँदै नमूना विद्यालय बनाउने मेरो प्रयास हुनेछ ।" गुरुङले भन्नुभयो । वडाध्यक्ष आचार्यले नवगठित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुरुङको दोस्रो कार्यकालमा विद्यालयले शैक्षिक क्षेत्रका थप प्रगति र उत्कृष्टता हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो ।